महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

तानसेन नगरपालिका
पाल्पा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

पत्र संख्याः २०७८।७९
च.नं. २१४

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
तानसेन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
पाल्पा ।

कैफियत सहितको राय

हामीले तानसेन नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. तानसेन नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ७ करोड २४ लाख ५४ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू. ३५ लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २४ लाख २४ हजार, नियमित गर्नुपर्ने रू. ५ करोड ३८ लाख ७९ हजार र पेश्की रू. २६ लाख २७ हजार रहेको छ ।पालिकाको गतवर्षसम्मको रु ३४ करोड १५ लाख ५१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू २६ करोड ०९ लाख ९६ हजार रहेको छ । तानसेन नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. तानसेन नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएकोछ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुखर प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

नारायण मरासिनी
नायब महालेखापरीक्षक

तानसेन नगरपालिका

बेरुजु बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
४२	३३	७२४५४	०	०	०	४२	३३	७२४५४	३५२४	५३८७९	१२४२४	०	०	६६३०३	२६२७

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पाल्पा	३४१५५१	०	१५३००९	१८८५४२	०	७२४५४	२६०९९६

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : तानसेन नगरपालिका, पाल्पा , तानसेन नगरपालिका , पाल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	डिल्लिराज बेलबासे	२०७७-४-१	
कार्यालय प्रमुख	पिताम्बर पाण्डे	२०७७-१०-१९	हाल सम्म कार्यरत
लेखा प्रमुख	कोशलराज घिमिरे	२०७७-४-१	
		बेरुजु रकम	७२,४५४,५५५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२१,०४,०९,०००	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	६२,०८,७९,०००	**चालु खर्च**	२६,३१,४०,०००
प्रदेश सरकारबाट अनुदान	६,६२,१८,०००	**पूँजीगत खर्च**	४४,०४,६२,०००
राजश्व बाँडफाँट	११,३४,६१,०००	**वित्तीय/अन्य व्यवस्था**	२७,१८,०५,०००
आन्तरिक आय	५,५३,४४,०००		
अन्य आय	१५,३८,२३,०००		
कुल आय	१,००,९७,२५,०००	**कुल खर्च**	९७,५४,०७,०००
बाँकी मौज्दात		२४,४७,२७,०००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस तानसेन नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत १४ वडा, ७२ सभा सदस्य, १०९.८ वर्ग किलोमिटर क्षेत्रफल तथा ५०४०५ जनसंख्या रहेको छ ।	
२			**लेखापरीक्षणको उद्देश्य** स्थानीय तहको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ । वित्तीय लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मानदण्ड, व्यवस्थापन प्रतिनिधित्वपत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ ।	
३			**वित्तिय व्यवस्था**	

सि.न.	आय तर्फ			सि.न.	ब्यय तर्फ		
	विवरण	**रकम**	**रकम**		**विवरण**	**रकम**	**रकम**
1	गत बर्षको जिम्मेवारी		२१०४०८९२४	1	चालु खर्च	४४०४६२४९८	७०८६०२२९२
	क) नगद	०		2	पुजिगत खर्च	२६३१३९७९४	
	ख) बैंक			3	वित्तिय ब्यवस्था भुक्तानी		
	* ग-१-१ आन्तरिक राजश्व खाता	०			क) ऋण भुक्तानी	२५०००००	२५०००००
	* ग-१-२ राजश्व वाडफाड	०			ख) ब्याज भुक्तानी	२५०००००	२५०००००

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय									बेरुजु रकम
					खाता								
					* ग-१-३ आन्तरिक अनुदान खाता	०			ग) अन्य भुक्तानी	०			
					* ग-२-२ चालु खर्च खाता	०							
					* ग-२-४ पुजिगत खर्च खाता	०		4	लगानी				
					* ग-२-७ अन्य खाता	०			क)ऋण लगानी				
					* ग-३ धरौटि खता	२०१४५५९५			क)शेयर लगानी				
					* ग-४-१ मुलकोष खाता	१७२९६६९०३			क)अन्य लगानी				
					* ग-५-१ विविध कोष खाता	०		5	धरौटी फिर्ता	२२७३८७७	२२७३८७७		
					* ग-६-१ विभाज्यकोष खाता	०		6	जनश्रमदान फिर्ता				
					* ग-७-१ आकस्मिक कोष खाता	०		7	कोष फिर्ता				
					* ग-७-२ प्रकोप ब्यवस्थापन कोष खाता	७५६७५८२		8	मौज्दात				
					* सित भण्डार खाता एस वि आइ बैक				क)नगद मौज्दात				
					* एस वि आइ बैक चल्ती	७४१०५११			ख)बैक मौज्दात		२४४७२६८६३		

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय									बेरुजु रकम
					खाता								
					* कृषि बिकास बैक खाता				* ग-१-१ आन्तरिक राजश्व खाता				
					*ने बै लि युवा स्वरोजगार खाता				* ग-१-२ राजश्व वाडफाड खाता	०			
					*हिमालयन बैंक लि	१५७०३९९			* ग-१-३ आन्तरिक अनुदान खाता	०			
					*हिमालयन बैंक लि				* ग-२-२ चालु खर्च खाता	०			
					* ने.बे.ली. साझेदारी खाता	७४७९३४			* ग-२-४ पुजिगत खर्च खाता	०			
				2	राजश्व आन्तरिक आय		१६८८०५३९६		* ग-२-७ अन्य खाता	३२३६४			
					क) आन्तरिक राजश्व	५५३४४०७२			* ग-३ धरौटि खता	२२४८९१४२			
					ख) राजश्व वाडफाँड	११३४६१३२४			* ग-४-१ मुलकोष खाता	२०१२४८९८३			
					ग) अन्य आय				* ग-५-१ विविध कोष खाता	८५५८२००			
				3	वित्तिय हस्तान्तरण संघ		६२०८७९३५०		* ग-६-१ विभाज्यकोष खाता	०			
					क) वित्तिय समानिकरण अनुदान	१५४६०००००			* ग-७-१ आकस्मिक कोष खाता	०			
					ख) सर्शत अनुदान	४५१२७९३५०			* ग-७-२ प्रकोप ब्यवस्थापन कोष खाता	४०३९१३८			

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय									बेरुजु रकम
					ग) समपुरक अनुदान	१५००००००			* सित भण्डार खाता एस वि आइ बैक	०			
					घ) विशेष अनुदान	०			* एस वि आइ बैक चल्ती खाता	७४७२४६२			
				4	प्रदेश सरकारबाट प्राप्त अनुदान		६६२१८०००		* कृषि बिकास बैक खाता	०			
					क) वित्तिय समानिकरण अनुदान	५६४४०००			*ने बै लि युवा स्वरोजगार खाता	०			
					ख) सर्शत अनुदान	२६३५००००			*हिमालयन बैंक लि	०			
					ग) समपुरक अनुदान	२३०२४०००			*हिमालयन बैंक लि	०			
					घ) विशेष अनुदान	११२०००००			* ने.बे.ली. साझेदारी खाता	८८६५७४			
				5	अन्तर सरकारी तहबाट प्राप्त		१२९९६९४९४	9	अन्तर सरकारी कार्यक्रम/ आयोजना	०	१२९९६९४९४		
					क) सामाजिक सुरक्षा भत्ता	११८२२१२७०			क) सामाजिक सुरक्षा भत्ता	११८२२१२७०			
					ख) सांशद विकास योजना	११७४८२२४			ख) सांशद विकास योजना	११७४८२२४			
				6	अन्य		२३८५३६७३	10	अन्य		१३४४७८६६०		
					क) अन्य विविध आम्दानी	८५५८२००			क) कोरोना भाइरस संक्रमण तथा नियन्त्रण कोष	८६३४२५६			
					ख) कोरोना भाइरस संक्रमण तथा नियन्त्रण कोष	५१०५८१२			ख)विभाज्यकोष खाता गिट्टि बालुवा रोयल्टी	२३४००००			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

बिषय	ग)विभाज्यकोष खाता गिट्टि बालुवा रोयल्टी	२३४००००			ग) कारितास कार्यक्रम	९०६७९२	
	घ) कारितास कार्यक्रम	९३४६७७			घ) अन्य खर्च न्यायिक समिति तर्फ	२३२८२३८	
7	विभिन्न कोष तर्फको आय	२६९५९०	0				
8	जनसहभागिता नगद						
9	विषयगत निकायबाट प्राप्त		0	10	शर्सत अनुदान फर्ता	१२०२६९३७४	
10	धरौटि आय	६६४५३९४.००					
11	लगानिको साँवा ब्याज फिर्ता				न्यायिक समिति		८३६५०
12	न्यायिक समिति	८३६७४	0	12	कोष खाताको मौज्दात		
	जम्मा		**१२२०१३४८३६**		**जम्मा**		**१२२५१३४८३६**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्यप्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाबाट २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरि लेखापरीक्षणमा पेश भएन। त्यसैले तोकिए बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४			**आन्तरिक नियन्त्रण प्रणाली**	
४.१			• **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खातामा रू.२४६७७३४३.७६ पूँजीगत खर्च खाताबाट रू. ३४३५४२०६.८३ समेत गरी जम्मा रू. ५९०३१५५०.५९ मिति २०७८।४।११ मा मूल संचित कोषमा ट्रान्सफर गरेको छ । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन। • कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरू गठन गरेको पाइएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो । पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्युटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ । • कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ । • जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन । • मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन। • वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ६० जनाको दरबन्दी रहेकोमा २३ जना रिक्त रहेको पाइयो । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रू. २४२००३२४.०० तलब खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकीन हुन सकेन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४.२			सफ्टवेयर खरिद - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । तनसेन नगरपालिकाले सफ्टवेयर खरिद गरी रु. ७४१८५०.०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४.३			म.ले.प. फारमहरुको प्रयोगः साविकमा रहेका म.ले.प. फारमहरुको सट्टा नयाँ म.ले.प. नम्बरहरु २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरु जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन, कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरु आंशिक रुपमा प्रयोग गरेको देखियो ।कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।	
४.४			भ्रमण खर्च : लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
४.५			बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**कानून निर्माण एवं कार्यान्वियन** **कानून र सञ्चालन स्थिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २९ वटा ऐन, ४६ वटा नियमावली कानून निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको विवरण पेश गरको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । **निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । गाउँपालिकिकाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । गाउँपालिकाले कार्यक्रम कार्यान्वयन सम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । गाउँपालिकाले कृषि औजारलगायतका सामग्री वितरण तथा फलफुल विरुवा, बाख्रा र कुखुरा वितरण लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरूलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनोट र वितरण सम्बन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा गाउँपालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ ।	
६			**बजेट तथा कार्यक्रम**	
६.१			**बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपा प्रमुख श्री लक्ष्मीदेवी पाठकले मिति २०७७।३।१० गते रु. १ अरब १२ करोड ८९ लाख ६० हजार र ७४७ रुपैयाँको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१७ गते पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३।१७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.२			**बजेट सीमा निर्धारण समिति :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
६.३			**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.४			**नीति तथा मार्गदर्शनः** नगरपालिकाको आ.व. २०७७।०७८ को नीति तथा मार्गदर्शन २०७७ असार १० गते नगरसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वियन गरेको पाइएन । नगरसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्वियनको लागि नगरपालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वियन नभएका उदाहरण देहाय अनुसार छन्ः · अपाङगता भएका व्यक्तिहरुकत्त लागि घरघरमा स्वास्थ्य अभियानलाई निरन्तरता दिने · एक वडा एक स्वास्थ्य चौकीको अवधारणा अनुरुप स्वास्थ्य चौकी भवन निर्माण गर्ने · प्रत्येक वडामा बीमा अभिकर्ताको व्यवस्था गरी वाली बीमा र पशु वीमा कार्यक्रमलाई प्रभावकारी बनाउने · नगरपालिका भित्र रहेको बाँझो जग्गाको लगत संकलनका आधारमा बाँझो जग्गाको उपयोग गर्न कार्यविधि बनाई सामुदायिक तथा सामुहिक बृहत कृषि व्यवसाय प्रवद्र्धनका विशेष कार्यक्रम ल्याउने · खेल पर्यटनलाई विशेष क्षेत्रको रुपमा विकास गर्ने · ता.न.पा.–५ वनदेवीमा वातावरणमैत्री वसपार्क निर्माण यसै वर्षबाट थालनी गर्ने · ओखर र लालीगुराँसका विरुवा रोपण कार्यक्रमलाई निरन्तरता दिने · बेरुजू फछ्र्यौट कार्यलाई प्रभावकारी बनाउने	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.५			**बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले पेश गरेको विवरण अनुसार संचालन गरेको बैंक खाताहरुको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण अनुसार मुल कोष खाता (संचित कोष खाता) को बैंक हिसाब मिलान विवरण देहाय अनुसार तयार गरि पेश गरेको छ।	

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक	कैफियत
1	संचित कोष	132060461.5	142624323.1	10563861.59	बैंक बढी
2	विवध कोष खाता	8558200.12	8558200.12	0	-
3	आकस्मिक कोष खाता	0	0	0	-
4	पूँजीगत खाता	0	40059533.83	40059533.83	बैंक बढी
5	धरौटी खाता	22489142	22489142	0	बैंक बढी
6	चालु खाता	0	60940561.73	60940561.73	-
	विपदव्यवस्थापन कोभिड	4039138	4334918	295780	बैंक बढी
	जम्मा	**167146941.62**	**279006678.78**	**111859737.15**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६.६</td><td></td><td></td><td>

क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७७8को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत
जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>139301643</td><td>67034258</td><td>9.56</td></tr>
<tr><td>२</td><td>सामाजिक क्षेत्र</td><td>432296266</td><td>361774057.6</td><td>51.05</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास क्षेत्र</td><td>479655573</td><td>164406568</td><td>23.07</td></tr>
<tr><td>६</td><td>सुशासन तथ अन्तरसम्बन्धित क्षेत्र</td><td>6856096</td><td>3426238</td><td>0.48</td></tr>
<tr><td>7</td><td>कार्यसञ्चालन तथा प्रशासनिक खर्च</td><td>156817503</td><td>111961170.4</td><td>15.84</td></tr>
<tr><td></td><td>जम्मा</td><td>1214927081</td><td>708602292</td><td>100</td></tr>
</table>

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी 51.05 प्रतिशत र सुशासन तथ अन्तरसम्बन्धित क्षेत्रमा सबभन्दा कम 0.48 प्रतिशत मात्र खर्च भएको देखियो

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६.७			**त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पूँजीगत वार्षिक रु. 26 करोड 31 लाख 40 हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा 98 लाख 57 हजार अर्थात 3.75 प्रतिशत, दोश्रो त्रैमासिकमा रु. 3 करोड 35 लाख 24 हजार, अर्थात 12.74 प्रतिशत, तेश्रो त्रैमासिकमा रु. 8 करोड 25 लाख 71 हजार अर्थात 31.38 प्रतिशत र चौथो त्रैमासिकमा रु. 13 करोड 71 लाख 88 हजार अर्थात 52.13 प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. 12 करोड 51 लाख 78 हजार अर्थात 47.57 प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।	
७			**आर्थिक सहायता तथा विविध खर्च**	
७.१			आर्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. १२५००.०० आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता वितरण सम्बन्धी पालिकाले स्पष्ठ कार्यविधि तयार गर्नु पर्दछ ।	
७.२			विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु.१२१३४३७.०० खर्च गरेको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**त्रैमासिक पूँजीगत खर्च** त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत बार्षिक रु. २६ करोड ३१ लाख ३९ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ९८ लाख ५७ हजार अर्थात ३.७४ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ३ करोड ३५ लाख २४ हजार, अर्थात १२.७४ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. ८ करोड २५ लाख ७१ हजार अर्थात ३१.३७ प्रतिशत र चौथो त्रैमासिकमा रु. १३ करोड ७१ लाख ८७ हजार अर्थात ५२.१३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. १२ करोड ५१ लाख ७७ हजार अर्थात ४७.४७ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।	
९	0		**अबकास कोष स्थापना नभएको** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापना नभएको.	
१०			**संगठन र कर्मचारी व्यवस्थापन**	
१०.१			कर्मचारी करार– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ७५ जना कर्मचारीहरू करारमा राखी रू.१ करोड ९२ लाख ५७ हजार खर्च लेखेको छ ।	
१०.२			प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित 75 जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित 63 जना पदपूर्ति भएको देखिन्छ । रीक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०.३			**तलबी प्रतिवेदन :** सेवा ऐन,२०४९ को दफा ७ (ख) (२) वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रु. २ करोड ४१ लाख ९१ हजार तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड रकम समेत एकिन हुन सकेन ।	
११			**पदाधिकारी सुविधा**	
११.१			**पदाधिकारीको भूत प्रभावी सुविधा :** स्थानीय तहका पदाधिधकारीहरूले पाउने सुविधा सम्बन्धी कानूनी व्यवस्था गर्न प्रदेश सभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन २०७६ मिति २०७७/३/३ को प्रदेश राजपत्र भाग १ मा प्रकाशन भई कार्यान्वयनमा रहेको छ । ऐनको दफा ३ उपदफा २ मा ऐन प्रारम्भ हुनु अघि कायम रहेको स्थानीय तहका पदाधिकारी तथा समस्यहरूको सुविधा सम्बन्धी ऐन २०७५ र अनुसूची बमोजिम मासिक सुविधा नपाएका पदाधिकारी वा सदस्यले सो सुविधा नपाएको मिति देखि मात्र यस ऐन बमोजिमको सुविधा पाउने उल्लेख रहेको छ । ऐन तथा नियमहरू राजपत्रमा प्रकाशन भए पश्चात लागु हुने र कानून भूतप्रभावी नभई भविष्य प्रभावी हुनुपर्नेमा राजपत्रमा प्रकाशन भएको मिति भन्दा करिब ९ महिना पहिला देखि नै लागु हुने गरी जारी गरेको देखियो । सामान्य कानूनी सिद्धान्ततः ऐन जारी भए पश्चातको मात्र सुविधा प्रदान गर्नुपर्नेमा यस स्थानीय तहले २०७६ कार्तिक १ गते देखि २०७७ असार महिनासम्मको अर्थात् ९ महिना अगाडिदेखि छुट सुविधा प्रदान गरेको देखिएकोले यस स्थानीय तहलाई रु. ३५ लाख ४८ हजार ५ सय थप व्ययभार पर्न गएको छ । आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार पालकिाले नगरसभाका सदस्य तथा पदाधिकारीहरुलाइ टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा, मर्मत सुविधा, अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरूलाई यो वर्ष यातायात सुविधा रु ४८ लाख ४८ हजार, टेलिफोन तथा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			मोवाइल रु.२३ लाख २८ हजार, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु. २२ लाख ३२ हजार, जनसम्पर्क विशेष कार्यसुविधा रु ३६ लाख ३६ हजार, मर्मत सम्भारमा रु १ लाख २० हजार, अतिथि सत्कारमा रु.११ लाख ६४ हजार, खानेपानी विजुली सरसफाईमा रु. १ लाख २० हजार चाड पर्व खर्च रु ६ लाख हजार समेत रु. १ करोड ५२ लाख ३१ हजार खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु. १ करोड ८७ लाख ८० हजार भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्वेश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
११.२			लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७६ मा स्थानीय तहका पदाधिकारीले स्वकीय सचिव तथा सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको पद भन्दा बाहिरको पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ पालिकाले देहायक दुइजना सल्लाहकार नियुक्ति गरी रु ५ लाख ४० हजार भुक्तानि दिएको नियमसंगत नदेखिएको रु	५४०,०००

क्र सं	नाम	पद	मासिक पारिश्रमिक	महिना	जम्मा
१	गोबिन्द प्रसाद भटराइ	प्रेस सल्लाहकार	30000	12	360000
२	जोग बहादुर वि क	कानुनी सल्लाहकार	15000	12	180000
जम्मा					540000

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२			**विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष विविध खर्च अन्तर्गत रु १७ लाख ५८ हजार खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
१३			**कर तथा शुल्क असुली**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३.१			राजस्व अभिलेख : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।	
१३.२			कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र जम्मा असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

सि.नं.	आम्दानी शीर्षक	अनुमान	आम्दानी	प्रतिशत
१	एकीकृत सम्पती कर	6000000	6216866	103.61
२	भुमिकर/मालपोत	2200000	3066557	139.38
३	घरवहाल कर	५००००००	8084732	161.7
४	वहाल विटौरी कर	100000	11390	11.4
७	पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	2500000	2173783	86.95
८	अन्य मनोरञ्जन कर	50000	0	0
9	विज्ञापन कर	370000	185000	50
१०	जडिबुटी कवाटी र जीवजन्तु कर	400000	248590	62.15
११	व्यवसाय रजिस्ट्रेसन तथा नविकरण	2700000	2859292	105.9

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(table below)	

१२	सवारी साधन कर	35000	12000	34.29
१३	बहाल भाडा	3000000	2332815	77.76
१४	रोल्टी अन्य श्रोतबाट प्राप्त	5025000	1578103	31.41
१५	घरजग्गा रजिस्ट्रेसन	7500000	12866457	171.55
१६	अन्य बिक्रीबाट प्राप्त	5500000	8695270	158.1
१७	प्रशासनिक सेवा शुल्क	6000000	5729839	95.5
१८	पार्किङ्ग शुल्क	620000	620000	100
१९	नक्सापास दस्तुर	2000000	1782734	89.14
20	अन्य दस्तुर	1000000	750554	75.05
21	प्रशासनिक दण्ड जरिवाना	-	223345	100
22	13 प्रतिशत भ्याट	-	205114	100
23	फोटोकपी	-	1610	100
	जम्मा	50000000	57644051	115.29

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित कुल असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।साथै कार्यालयबाट शीर्षकगत असुली विवरणा पेश नभएकोले अनुमान र असुली तुलना गर्न सकिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**सार्वजनिक परीक्षण** सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।	
१५			**कोभिड तर्फ**	
१५.१			**जोखिम आंकलन र पूर्व तयारी**- कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि, जोखिम आँकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाएको हुनुपर्दछ । कार्यालयले स्वास्थ्य शाखा प्रमुखको संयोज्वकत्वमा क्वारेन्टीन संचालक समिति, नगरप्रमुखको संयोजकत्वमा नगरस्तरीय क्वारेन्टीन समिति तथा नगरस्तरीय सी सी एम सी सी उल्लेख गरेको भएतापनि कोभिड महामारीबाट हुने जोखिम आंकलनका लागि तथा महामारी पछि नियन्त्रण र रोकथामका लागि कार्ययोजना बनाएको देखिएन ।	
१५.२			**जोखिम भत्ता:** सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ । कार्याललले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, लाइ रु ९ लाख ३२ हजार ५ सय ४४ खर्च लेखेको छ ।	
१५.३			**विशेष परिस्थितिमा खरिद:** खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि फरक फरक फर्म सप्लायर्सबाट सोझै खरिद गरेको छ। कार्याललले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना नगरी देहायका फर्म र सप्लायर्सबाट टुक्रा खरिद गर्नु नियमसंगत नदेखिएको रु	२,१५८,६६४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ नं र मिति</th><th>फर्म वा सप्लायर्सको नाम</th><th>रकम</th></tr>
<tr><td>84 03.31</td><td>अबिक मेडिसिन सप्लायर्स</td><td>५४७१२५</td></tr>
<tr><td>77 03.16</td><td>डि एण्ड एस सप्लायर्स</td><td>३०८९२५</td></tr>
<tr><td>66 03.02</td><td>नेपाल ट्रेड कन्सर्न</td><td>४७७३१२</td></tr>
<tr><td>61 03.01</td><td>डि एण्ड एस सप्लायर्स</td><td>२०९६१५</td></tr>
<tr><td>57 02.30</td><td>ओम सर्जिकल एण्ड साइन्स</td><td>२६८४४२</td></tr>
<tr><td>५६ 02.30</td><td>रानमहल मेडिको सप्लायर्स</td><td>४६८८८१</td></tr>
<tr><td>४५ 02.25</td><td>प्रिस्टार ट्रेड प्रा ली</td><td>७३५०००</td></tr>
<tr><td>४० 02.03</td><td>ओम सर्जिकल एण्ड साइन्स</td><td>१९९४४५</td></tr>
<tr><td>१६ 03.22</td><td>रानमहल मेडिको सप्लायर्स</td><td>२२०९२६</td></tr>
<tr><td>1५ 03.2१</td><td>रानमहल मेडिको सप्लायर्स</td><td>२६५९७०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२१५८६६४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५.४</td><td></td><td></td><td>समन्वय र सहकार्य: पाल्पा अस्पताल तानसेनलाइ पि सी आर ल्याब संचालनार्थ रु९ लाख निकासा लेखेको देखिन्छ । पालिकाले कोभिड परिक्षणको स्वाब संकलन गरी पाल्पा अस्पतालमा नि शुल्क स्वाब परीक्षण गरेको जानकारी दिएको छ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>पेश्की बाँकी
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ। निर्माण व्यवसायीलाइ भुक्तानी भएको मोविलाइजेशन पेश्की रू. १८ लाख २२ हजार ९८ सम्झौता अनुसार फछ्र्यौट हुनु पर्दछ । कार्यालयबाट देहाय अनुसार म्याद समाप्त भएको निर्माण व्यावसाय र उपभोक्ता समितिको नाममा</td><td>२,४७५,८४६</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गएको पेश्की रू. २३ लाख २४ हजार ५ सय र पदाधिकारीको नाममा गएको पेश्की रू.१ लाख ५१ हजार ३ सय ४६ समेत रू. २४ लाख ७५ हजार ८ सय ४६ नियमानुसार फछ्यौट हुनु पर्ने रू.	

पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	कर्मचारी भए पद	चालु आ. व.		
					म्याद ननाघेको		म्याद नाघेको
					रकम	फछ्यौंटको अन्तिम म्याद	
२	३	४	५	६	९	१०	११
पदाधिकारी							
२०७७/१२/०८	४७५	पारिश्रमिक पदाधिकारी	अशोक कुमार शाही	प्रमुख		२०७८/०१/१२	१३४६
२०७७/१२/१८	५०७	पारिश्रमिक पदाधिकारी	अशोक कुमार शाही	प्रमुख		२०७८/०१/२२	१५००००
							१५१३४६
संस्थागत							
२०७७/०४/०१	१	समपुरक अनुदान संघ	जय नेपाल इश्वर / विवेक एण्ड कुवेर जे/भि		०		०
२०७७/०४/०१	१	समपुरक अनुदान संघ	महादेव/श्रेष्ठ/अन्जना जे.भी		०		०
२०७७/१०/०७	१२४	समपुरक अनुदान प्रदेश	प्रदिप–साइन–जुम्ली जे.भि.		१८२२०९८	२०७७/११/१२	०
२०७८/०३/११	२१	सडक बोर्ड कार्यक्रम	जय नेपाल इश्वर निर्माण सेवा प्रा.लि.		०	२०७८/०४/१५	१५०००००
२०७८/०३/२९	६७५	औधोगिक विकास	बसन्त निर्माण सेवा		०	२०७८/०५/०१	५११०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
					कार्यक्रम						
								१८२२०९८		२०११०००	
			उपभोक्ता समिति								
			२०७८/०२/१४	३७५	मर्मत सम्भार कोष	तल्लो कुलो छेर्लुङ्ग मर्मत उ.स.		०	२०७८/०३/१८	३१३५००	
								०		०	
			जम्मा					१८२२०९८		२४७५८४६	
१७			**राजश्व तर्फ**								
१७.१			राजश्व अभिलेख :कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरूमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।								
१७.२			१ वडा कार्यालयहरुको राजश्वमा: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसर आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारबाही समेत गर्ने गराउने उल्लेख छ।यस नगरपालिकाका वडा नं. 8 र 12 का सचिवहरुले बुझेको नगदी ठेलीबाट संकलन भएको राजश्व लेखापरीक्षणको दिनसम्म पनि पुरै रकम दाखिला नगरेको पाइयो। बाँकी रकम देहायका वडा सचिवसँग ब्याज समेत असुल गरि राजश्व दाखिला गर्नुपर्ने रु.								६९५,१०५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

वडा नं.	वडा सचिवको नाम	राजश्व असुली रकम	बैंक दाखिला रकम	बाँकी	ब्याज	जम्मा रकम
8	सीता भट्टराई	425382	297244	128138	12814	140952
12	मन्जु अचार्य	248114	236589	11525	1152	12677
	जम्मा रकम		533833	139663	13966	153629

पसल बहाल र जरिवानाः-

२ (क) कार्यालयले बसपार्कमा रहेको सटर नं.1 श्री भिम कुमारी शाक्यलाई सम्झौतापत्र अनुसार मिति 2074/4/1 देखि 2075/3/31 सम्म म्याद रहने गरि मासिक रु.12,500/-को दरले भाडामा दिएकोमा श्रेस्ता परिक्षण गर्दा निजले आ.व.2077/78 सम्म पनि सम्झौता नविकरण नगरिकन सटर आफ्नो अधिनमा राखि चलाइरहेको पाइयो।आ.व.2075/76 को लेखापरीक्षण अनुसार बाँकी रु.5,08,500/- , आ.व. 2076/077 को असार सम्मको ब्याज समेत जम्मा रु.2,25,000/- हालसम्म पनि असुल नभएकोले पालिकाले सम्झौता तथा नियमानुसार उक्त रकम यथाशिर्घ असुल गर्नुपर्दछ।साथै आ.व. 2077/078 को 12 महिनाको बाँकी रु.1,50,600/- मा कोभिड छुट रु.50200/- घटाई बाँकी रु. 100400 मा सम्झौतापत्रको दफा 2 अनुसार विलम्ब शुल्क 50% थप गरि जम्मा रु.1,50,600/-निजबाट असुल गरि राजश्व खातामा दाखिला गर्नुपर्दछ।

(ख) कार्यालयले ता.न.पा.वडा नं.3 बसपर्कमा रहेका पालिकाको 3 तल्ले पक्की घर पर्शुराम पौडेललाई चार वर्षको लागि मिति 2073/1/10 देखि 2076/12/30 सम्म सम्झौता गरि भाडामा दिएको छ तर सम्झौता अवधि समाप्त भइसके पनि भवन बहालबाला कै अधिनमा रहेको र निजले सम्झौता नविकरण नगरिकन सटर आफ्नो अधिनमा राखि चलाइरहेको पाइयो।सम्झौता अनुसार मासिक रु.24,555/-र दुई वर्षपछि तेस्रो वर्ष पहिलो र दोश्रो वर्षमा 10% ले वृद्धि हुने र चौथौ वर्ष तेस्रो वर्षको 10% वृद्धि हुने कुरा स्पष्ट छ । उक्त सम्झौता अनुसार आ.व.2077/78 मा मासिक रु.27010.5 को हिसालबले वर्षको जम्मा रु.324126 मा कोभिड छुट रु.108042 घटाई बाँकी रु.216084 मध्ये पुरै बाँकी रहेकोले सम्झौतापत्रको दफा 4 अनुसार विलम्ब शुल्क 50% थप गरि जम्मा रु.324126 निजबाट असुल गरि राजश्व खातामा दाखिला गर्नुपर्दछ।

३ आयकर ऐन,2058 को दफा 88 र 89 अनुसार मुल्य अभिवृद्धी करमा दर्ता भएका सेवा प्रदायक वा आपूर्तिकर्ताहरुलाई मु.अ.कर सहितको कर विजक अनुसार भुक्तानी गर्दा विजक मुल्यको 1.5% कर कट्टी गर्नुपर्ने र मु.अ. करमा दर्ता नभएको आपूर्तिकर्ता वा सेवा प्रदायकलाई भुक्तानी गर्नुपर्दा 15% कर कट्टी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले भौ.नं. 10-077/6/25 बाट लुम्बिनी मेडिकल कलेजलाई आमा सुरक्षा कार्यक्रम अन्तर्गत प्रसुती सेवा खर्च देहाय अनुसार सेवाग्राहीको खर्च रु.2,76,000/- र स्वास्थ्य संस्था मेडिकल कलेजको शुल्क

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			रु.4,45,000/-समेत रु.7,21,600/- भुक्तानी दिएकोमा मेडिकल कलेजले बील तथा कर विजक जारि गरेको छैन । अतःकर विजकसमेत जारि नगरेकोले मेडिकल कलेजको सेवा शुल्क भुक्तानीमा ऐन अनुसार 15% कर कट्टी गरी राजश्व दाखिला गर्नुपिर्ने रु.66750/-	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७.३			**राजश्व ठेली फिर्ता नगरेको सम्बन्धमाः** निम्न वडाका वडा सचिवहरु आ.व.2077/78 को आन्तरिक राजश्व संकलनको लागि नगरपालिका कार्यालयबाट आफुले बुझेकोमध्ये बाँकी नगदी र मालपोत ठेली लेखापरीक्षण भएको मितिसम्म पनि कार्यालयमा फिर्ता गरेको पाइएन।यसरी राजश्व संलकन गर्ने ठेली फिर्ता नबुझाउनेलाई जिम्मेबार बनाई राजस्व रकम यकिनका साथ आम्दानी जनाउनु पर्दछ ।	
१८			**कर तथा शुल्क असुली**	

वडा नं.	वडा सचिवको नाम	नगदी रसिद
5	ऋषिराम घिमिरे	4201-4300
		401-450
		451-500
		501-550
		551-600
		601-650
		2701-2750
		2751-2800
7	लक्ष्मण भट्टराई	4501-4550
		4551-4600
9	मदन भण्डारी	4451-4500
13	सुमन गहतराज	4701-4750
		4751-4800
राजश्व शाखा	मधुसुदन घर्ती	4801-4850
		3201-3250

क्रम १८.१	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

सि.नं.	आम्दानी शीर्षक	अनुमान	आम्दानी	प्रतिशत
१	एकीकृत सम्पती कर	५५०००००	६१८६३३६.०४	112.48
२	भुमिकर/मालपोत	२००००००	४१९०६२१.६६	209.53
३	घरवहाल कर	५००००००	७८३०६६३.२	156.61
४	वहाल विटौरी कर	१०००००	७४९९५.९९	75
५	बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	९६७२८७७०	५९५०१८१५.५२	61.51
६	सवारी साधन कर (साना सवारी)	३५०००	१२०००.	34.29
७	पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	२५०००००	२१७५६२९.	87.03
८	अन्य मनोरञ्जन कर	४०००००	६५.	0.02
९	अन्य कर	१५०००००	३१७२६५.९२	21.15
१०	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	३००००००	२६७०२६६.	89.01
११	बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	९१०३००३	५३९५९५०८.०३	592.77
१२	अन्य स्रोतबाट प्राप्त रोयल्टी	७०३००००	११८२२१२.	16.82
१३	अन्य सेवा शुल्क तथा बिक्री	८२०००००	६७०६९९४.	81.79

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				१४	अन्य प्रशासनिक सेवा शुल्क	९८७००००	५८०९३३७.५८	58.86		
				१५	पार्किङ्ग शुल्क	७०००००	६२१०००.	88.71		
				१६	नक्सापास दस्तुर	४४०००००	१७४८६०८.१४	39.74		
				१७	अन्य दस्तुर	१७०००००	१२५४२०४.९९	73.78		
				१८	व्यावसाय रजिष्ट्रेशन दस्तुर	२९०००००	२७७८६६५.४८	95.82		
				१९	अन्य क्षेत्रको आय	७५०००००	११७३७९८४.	156.51		
				जम्मा		१६८१६६७७३	१६८७५८१७२.५५	100.35		
			पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।							

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८.२			**सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर रू. ३५ हजार उठाउने लक्ष्य राखेकोमा रू. १२ हजार राजस्व प्राप्त भएको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । **मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा पालिकाले यस शीर्षकमा रू. ४ लाख कर संकलन गरेको राखेकोमा रू. ६५ मात्र कर संकलन गरेको छ । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. २७७८६६५.४८ कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आपmनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । **गिट्टी, ढुंगा, बालुवाको करः**स्थानीय सरकार संचालन ऐन, 2074 को दफा 64 को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरूले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानून अनुसार बाँडफाँड हुने गरेको मा उक्त दफा संघीय आर्थिक ऐन, 2075 द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरूले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको देखिन्छ तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको छ।यस्तो अवस्थामा संघीय कानून अनूसार नै गर्नु पर्दछ।त्यस अतिरिक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, 2077 जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था समेत देखियो। स्पष्ट कानूनी व्यवस्था गरी गिट्टि, ढुंङ्गा,वालुवा करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८.३			आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।	

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३४९६६७७८३	१६८७५८१७२.५५	४८.२६

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४८.२६ प्रतिशत रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९</td><td></td><td></td><td>

पेश्की बाँकी

पेश्की बाँकीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ। देहाय अनुसार भुक्तानी भएको पेश्की वाँकी रू. ११३८२७९६८।०० मध्ये मोविलाइजेशन पेक्की रु १०५२४५५९८।÷ नियमानुसार अनुसार फर्छयौट हुनु पर्दछ । साथै अशोक कुमार शाहीको नामको पेश्की रु १५११३४६ फछ्र्यौट गर्नु पर्ने रु

<table>
<tr><th>भौ.न.</th><th>मिति</th><th>कार्यक्रम</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td>507</td><td>12/18/2077</td><td>पदाधिकारी सेवा सुविधा</td><td>अशोक कुमार शाही</td><td>151346</td></tr>
<tr><td>597</td><td>3/25/2078</td><td>समपुरक अनुदान प्रदेश</td><td>जय नेपाल इश्वर / विवेक एण्ड कुवेर जे/भि</td><td>3900000</td></tr>
<tr><td>21</td><td>3/11/2078</td><td>सडकबोर्ड कार्यक्रम</td><td>जय नेपाल इश्वर निर्माण सेवा प्रा.लि.</td><td>1500000</td></tr>
<tr><td>124</td><td>10/7/2077</td><td>समपुरक अनुदान प्रदेश</td><td>प्रदिप–साइन–जुम्ली जे.भि.</td><td>1800098</td></tr>
<tr><td>675</td><td>3/25/2078</td><td>अधोगिक ग्राम</td><td>बसन्त निर्माण सेवा</td><td>511000</td></tr>
<tr><td>18</td><td>3/10/2078</td><td>टक्सार बनदेवी बतासे देखी ढुंगाखानी सडक खण्ड स्तरउन्नति</td><td>महादेव/श्रेष्ठ/अन्जना जे.भी</td><td>2500000</td></tr>
<tr><td>375</td><td>2/14/2078</td><td>मर्मत सम्भारकोष</td><td>तल्लो कुलो छेर्लुङ्ग मर्मत उ.स.</td><td>313500</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>10697944</td></tr>
</table>

</td><td>१५१,३४६</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>

सार्वजनिक सुनुवाइ

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ ५ बमोजिम हरेक स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाइ पारदर्शी उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम सञ्चालन गरी वित्तीय जवाफदेहीतालाइ प्रभावकारी बनाउने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन गरेको योजनामा आय व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण नभएकोले पारदर्शिता र जवाफदेहिताको पालना भएको सुनिश्चित गर्न सकिएन ।

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**सेवा प्रवाह** स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ । पालिकामा दरबन्दी अनुसार कर्मचारी पदपूर्ति नभएको, कार्यालय भवन तथा अन्य पूर्वाधारको अभाव रहेको, भौगोलिक कठिनाइ लगायतका कारण सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । नगरसभाबाट धेरै संख्यामा टुक्रे योजना पारित गरेको र पारित योजनाहरु कार्यान्वयन नगरी योजनाको रकम अन्य शिर्षकमा रकमान्तर गर्दा अनुत्पादक र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खरिद प्रक्रिया कानुन विपरित हुने, दिगो योजना नबनाउने लगायतका समस्या रहेकोमा पालिका आफैले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्थामार्फत गराउने कार्यहरुको पुनरावलोकन नहुँदा सेवा प्रवाह प्रभावकारी हुने देखिदैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**सोझै खरिद** **<u>सोझै खरिद :</u>** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्थाःछ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय संचालन खर्चबापत देहायका फर्म र सप्लायर्ससँग पटके रुपमा सामान खरिद गरेको नियमसंगत नदेखिएको रु	१,११२,९९१

भौ नं र मिति	विवरण	फर्म वा सप्लायर्सको नाम	रकम
151 08.04	मसलन्द तथा कार्यालय संचालन खर्च	आइडिया डिजाइनर्स एण्ड अफसेट प्रेस	२२६८४७
231 09.06	मसलन्द तथा कार्यालय संचालन खर्च	न्यू मल्ल स्टोर्स	४४५२७
216 08.30	मसलन्द तथा कार्यालय संचालन खर्च	गणेश प्रिन्टर्स	५९८८०
333 10.15	मसलन्द तथा कार्यालय संचालन खर्च	गणेश प्रिन्टर्स	४४५५५
334 10.15	मसलन्द तथा कार्यालय संचालन खर्च	बज्राचार्य प्रिन्टर्स	७२४७५
361 10.18	मसलन्द तथा कार्यालय संचालन खर्च	लोयल कम्प्यूटर सप्लायर्स	७४५३०
594 01.14	मसलन्द तथा कार्यालय संचालन खर्च	शान्ति प्रिन्टिंग प्रेस	३२८००
648 02.28	मसलन्द तथा कार्यालय संचालन खर्च	न्यू रानीमहल अफसेट प्रेस	३५८५५
652 02.30	मसलन्द तथा कार्यालय संचालन खर्च	गणेश प्रिन्टर्स	६४५२५
659 03.01	मसलन्द तथा कार्यालय संचालन खर्च	प्रिन्टिंग स्टेश्नरी एण्ड जनरल अर्डर सप्लायर्स	५३७८०
878 03.26	मसलन्द तथा कार्यालय संचालन खर्च	कैलाशनगर मिडिया प्रा ली	१४१२५०
933 03.30	मसलन्द तथा कार्यालय संचालन खर्च	फास्ट प्रिन्टर्स एण्ड डिजाइनिंग प्वाइन्ट	२६१९६७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
				जम्मा	१११२९९१		
२३			**औषधि खरिद** **औषधी खरिद**– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर पालिकाले उक्त प्रक्रियावेगर रु औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः • खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, • आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन, • औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, • औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएकोएकीन गरी स्थानान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।				
२४			**अनुदान** पालिकाले कृषि, पशु, लक्षित वर्ग लगायतका कार्यक्रमको अनुदान एकद्वार प्रणालीबाट संचालन गर्दा पारदर्शिता र दोहोरो वितरणको अवस्था हुँदैन । पालिकाबाट स्पष्ट नीति तथा कार्यक्रम र सीमा निर्धारण नगरी एकै प्रकृतिको कार्यक्रमको सशर्त र समानीकरणबाट दिएको र सो को अनुदानबाट कृषकको आयस्तरमा परेको प्रभाव, उत्पादन तथा उत्पादकत्वमा वृद्दि तथा रोजगारी सिर्जना लगायतका विषयमा अनुगमन भएको देखिएन । स्पष्ट निति तथा कार्यक्रम र सीमा निर्धारण गरी एकद्वार प्रणालीबाट अनुदान दिने र दिएको अनुदानको उपयोग र उपलब्धि सम्बन्धमा अनुगमन गरी पार्दर्शिता कायम गर्नुपर्दछ ।				

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५</td><td></td><td></td><td>घटी जिम्मेवारी सारेको
ठेक्का नं. ३-२०७६/७७ को निर्माण कार्य रु १२२५५२४५ को लागत अनुमान रहेको निर्माण कार्य रु ६१३११५३ मा सम्झौता गरेकोमा दोस्रो रनिङ्ग बिल सम्म रु ३६६५२१३ को कार्य गरी भुक्तानी गरेको छ । सो निर्माण कार्यको दोस्रो रनिङ्ग वीलसम्म रु १८२०३८८ भुक्तानी भईसकेकोमा तेस्रो रनिङ्ग बिलमा अध्यावधिक काम गरेको रकम रु १८२०३८८ सार्नु पर्नेमा रु १७९८५३३ मात्र सारेकोले घटी जिम्मेवारी सारेको कारण तेस्रो रनिङ्गको भुक्तानी गर्दा रु २१८५५ वढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम रु २१८५५ को १३ प्रतिशत मूअकर सहित असुल गर्नुपर्ने रु</td><td>२४,६९६</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>उपभोक्ता समिति तर्फ</td><td></td></tr>
<tr><td>२६.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) ख अनुसार प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तिवक कार्यसम्पादनको आधारमा वील वा विजको भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसारका निर्माण व्यवसायीहरूलाई निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक मूल्यांकन र निर्माण व्यसायीको वील भन्दा बढी भुक्तानी दिएकोले बढी भुक्तानी दिएको असुल गर्नु पर्ने रू.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>कामको विवरण</th><th>निर्माण व्यवसायी</th><th>मूल्यांकन अनुसार</th><th>भुक्तानी</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>६०८–२०७८।३।२६</td><td>वार्ड नं. ८ का सबै बाटो</td><td>घिमिरे कन्ष्ट्रक्सन</td><td>२५८९२८.२</td><td>२९२१८२</td><td>३३२५३.८</td></tr>
<tr><td>६०७–२०७८।३।२६</td><td>वार्ड नं. ९ का सबै बाटो</td><td>शिर्जनशिल मल्टिप्रपोज</td><td>२९४४७३</td><td>३०७४८३</td><td>१३०१०.</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>४६२६३.८</td></tr>
</table></td><td>४६,२६४</td></tr>
<tr><td>२६.२</td><td></td><td></td><td>निर्माण व्यवसायीबाट काम गराएको: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । नमूना छनोटको आधारमा परीक्षण गर्ने गरी छनोट भएका देहायका उपभोक्ता समितिले आफै निर्माण कार्य गर्ने गरी रू. ६५ लाख ५९ हजारको सम्झौता गरेकोमा निर्माण व्यावसायीबाट काम गराइ सोही बराबरको निर्माण व्यवसायीहरूको विल पेश गरेको देखियो । नगरपालिकाबाट भुक्तानी भएको ३५५७८९५ र उपभोक्ता समितिले व्यहोर्नु पर्ने रू. ४०५२९५.१८ समेत जम्मा रू. ३९६३१९०.१८ भएकोमा निर्माण व्यवसायीले रू. ३९४८७०३.४९ को विल पेश गरेको देखिन्छ ।नगरपालिकाबाट भुक्तानी भएको रकमबाट नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिसकर्ता एवं अनुगमनकर्तालाई रू. ३९६३१९०.१८ सम्बन्धमा जिम्मेवार वनाउनु पर्ने देखिएको रू.</td><td>३,९६३,१९०.१८</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय: गो. भौ.नं./ मिति	उपभोक्ता समितिको नाम	कूल मूल्यांकन	भुक्तानी रकम	निर्माण व्यसायी	हेभी उपकरणमा गरेको खर्च	जनसहभागिता	बेरुजु रकम
			२११– २०७७। ११।२१	चण्डिभञ्ज्याङ खयरतुङ मेटरबाटो	२२१८१७.५३	२३००००	सुदिप सुदिक्षा निर्माण सेवा	२३००००	३१८१७.५३	
			२१४– २०७७। ११।२१	विष्णु प्रा.वि. देखि तारढाण माटरबाटो	२१७१४५.२२	१९५०००	सुदिप सुदिक्षा निर्माण सेवा	२१००००	२६५१६.२६	
			२१८– २०७७। ११।२३	स्याहा अर्घाली मोटरबाटो उ.स.	२११९५३६	१९५००००	सुदिप सुदिक्षा निर्माण सेवा	२११९६०१	२१७१४४	
			५६७– २०७७।३। २३	खयरतुङ नामिकुव लुहुङ मोटरबाटो	६३९८१७.५४	५७७६११	,,	४५००२२.५	६३९८१.७५	
			५५१– २०७८।३। २२	लक्ष्मीटंकी देखि तिनपिप्ले कलंकी मन्दिर मोटरबाटो	१४००८३.२१	१२३१७१	मान्डब्य मल्टिपपोज प्रा.लि.	१२९९९९.९९	१४००८.३२	
			५१७– २०७८।३। २०	बौघागुम्हा केरवादी रिङरोड	५१८२७३.१८	४८२११३	अंगाहाखोला निर्माण सेवा	८०९०८०	५१८२७.३२	
			जम्मा		३८५६६७२.६८	३५५७८९५.	०.	३९४८७०३.४९	४०५२९५.१८	

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ११ उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्नेछ । सम्बन्धित सार्वजनिक

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा माथिको तालिका अनुसार परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयबाट तयार गरेको लागत अनुमान वरावरको कामको निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेबाट उपभोक्ता समितिले आफ्नो योगदानबाट गर्नुपर्ने रू. ४०५२९५.१८ को कार्य नगरी निर्माण व्यवसायीको विल पेश गरेको देखियो। उपभोक्ता समितिले श्रम योगदान नगरेको र प्रक्रिया पुर्‍याउने प्रयोजनको लागि उपभोक्ता समितिसँग सम्झौता गरेकोमा निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेकोले उपभोक्ता समितिको योगदान देखिएन ।	
२७			**दररेट फरक** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाचपास गराई भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका उपभोक्ता समितिहरुबाट कार्य गराएकोमा निम्नानुसारका कार्यको स्वीकृत जिल्ला दर रेट तथा नर्म्सबाट कायम भएको दर रेट भन्दा बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु	५५७,६३४

भौ.नं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	परिमाण	एकाई	भुक्तानी हनुपर्ने दर	भुक्तानी भएको दर	बढी भक्तानी दर	बढी भुक्तानी उ.स.को अंश काट्टी
प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम								
१३-२०७८/३/२०	बतासेडाँडा लुहुग जोर्ते सडक उ.स. १२	PCC १:२:४	११.४४	घ.मी.	१०५५५	१२६७३	२११८	२१६२७
		Stone masonary १:४	३४	घ.मी.	८६९३	९४९४	८०१	२४५३७
१२-२०७८/३/१४	तिनलाकुमारी बाँझ राजुवास मो.बा.उ.स. ११	Natural Gravel	१२६	घ.मी.	२२०२	२६९७	४९४	५६०६९
७-२०७७/१२/१६	ठुली पिपल टाकुरी मो.बा.उ.स.१४	stone masonary १:४	११२.३९	घ.मी.	८६९३	८७५६	६३	६३७२
६-२०७७/११/२६	मुसलडाँडा कभर्डहल नि.उ.स. १	PCC	३०	घ.मी.	१२४३७	१६४९४	४०५७	१०९०७६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
					१:१.५:३							
			१४-२०७८/३/२१	सिमल बुटा ढाडा देउराली चिदी टोल उ.स.१०	PCC१:२:४	९.२३	घ.मी.	१०५५५	१२६७३	२१८	१७३७५	
					stone masonary१:४	८४.२	घ.मी.	८६९३	९४९२	७९९	५९७९४	
			२७-२०७८/३/२८	दमकडा मा.बि. ९	Brick masonary१:४	५७.०९	घ.मी.	१४७५४	१५२३०	४७६	२४८७०	
					PCC१:२:४	५.४	घ.मी.	१०५५५	१२६७३	२११८	१०४६७	
			संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम									
			६२८-२०७८/३/२७	लामडाँडा काजीपौवा खा.पा. ७	RCC१:१.५:३	७.२३	घ.मी.	१२४३७	१५२३०	२७९३	१८१९३	
			३२३-२०७७/१२/३१	बाटो निर्माण उ.स. ३	Stone masonary१:४	५०.५	घ.मी.	८६९३	९४९२	७९९	३६२५९	
			२७१-२०७७/१२/१७	वडा गौरव योजना चिसापानी देखि वडा कार्यालयसम्मको मो.बा.उ.स. (न.पा. पूँजीगत)	छडको काम	१५२१	के.जी.	७४	८७	१३	१७७९६	
			५४५-२०७८/३/२१	वाडा कार्यालय पहुँच मार्ग कालोपत्रे उ.स. १४	PCC१:२:४	१८.९८	घ.मी.	१०५५५	१२६७३	२११८	३५७४५	
					Stone masonary१:४	४८.५८	घ.मी.	८६९३	९४९२	७९९	३४५१४	
					Natural Subbase	१०५..४८	घ.मी.	२६९७	३३३०	६३३	५९३७०	
					Base course	८४.९७	घ.मी.	४७३४	५०७३	३३९	२५५७०	
			जम्मा								५५७६३४	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८	४, ११		**अग्रिम आयकर** आयकर ऐन, २०५८ को दफा ८९ (३ क) मा उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाँ भन्दा बढीको भुक्तानी रकममा एक दशमल पाँच प्रतिशतका दरले करकट्टी गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले दमकडा मा.बि.-९ लाई १२ कोठे भवन निर्माण गर्न रु १ करोड भुक्तानी दिएकोमा एक दशमल पाँच प्रतिशतका दरले रु १ करोड रकमको अग्रिम आयकर असुल गर्नुपर्ने रु	१५०,०००
२९			**जटिल संरचनाको निर्माण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :	

भौनं./मिति	उपभोक्ता समितिको नाम	निर्माण कार्य	लागत अनुमान
२-२०७७/७/५	दमकडा मा.बि. ९	भवन निर्माण	२७१६९५५
६-२०७७/११/२६	भुसाल डाँडा कभर्डहल निर्माण	भवन निर्माण	२११९८९९
१८-२०७८/३/२४	स्वास्थ्य सहकारी संस्था लिमिटेड ९	भवन निर्माण	१०५५६५५
१७-२०७८/३/२४	देववाणी संस्कृत तथा सधारण मा.बि. २	भवन निर्माण	२११०१११
१६-२०७८/३/२४	सममुदायिक भवन निर्माण उ.स. ११	भवन निर्माण	१०५२००९
१५-२०७८/३/२१	छेलुङ्ग ठूलो कुलो निर्माण उ.स. १३	भवन निर्माण	१०६४०२२
२८-२०७८/३/२८	दमकडा मा.बि. ९	छात्रावास निर्माण	२७३१५३९
२०-२०७८/३/२६	समुदायिक क्रियापुत्री भवन निर्माण	भवन निर्माण	१०५५७१९
जम्मा			१३९०५९०९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**प्रविधिक मूल्यांकन** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यसतो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका उपभोक्ता समितिहरुबाट कार्य गराएकोमा छडको काम (Reinforcement works) मा बास्तविक नाप जांच भन्दा बढी परिमाणको कार्यसम्मपन्न प्रतिवेदन बनाई भुक्तानी दिएको असुल गर्नुपर्ने रु	९९,७२९

भौ.नं. /मिति	उपभोक्ता समितिको नाम	एकाई	मूल्यांकन/नापी अनुसार कायम परिमाण	भुक्तानी परिमाण	बढी भुक्तानी परिमाण	दर	बढी भुक्तानी रकम
२-२०७७/७/५	दमकडा मा.बि. ९	के.जी.	१४७१४	१४८३७	१२३	१००.८४	१२४०३
१८-२०७८/३/२४	स्वास्थय सेवा सहकारी संस्था लि. ९	के.जी.	६०६.७४	७०७.२३	१००.४९	१००.८४	१०१३३
२७-२०७८/३/२८	दमकडा मा.बि. ९	के.जी.	०.	५५९.०९	५५९.०९	१००.८४	५६३७९
२७७-२०७७/१२/१७न.पा. पूँजीगत	टाकुरी दैखि छतिवन जाने मो.बा.उ.स.	घ.मी.	२८	२२	६	३४६९	२०८१४
जम्मा							९९७२९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१			**उपभोक्ता समिति तर्फ**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१.१</td><td></td><td></td><td>जटिलसंरचना निर्माण – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>लागत अनुमान</th></tr>
<tr><td>१०२–२०७७।९।२४</td><td>अधेरीखेला पुल निर्माण,</td><td>बक्स कल्भर्ट</td><td>१५३५०००</td></tr>
<tr><td>६८६–२०७८।३।२९</td><td>सामुदायिक भवन निर्माण</td><td>भवन निर्माण</td><td>५३२७१५.८३</td></tr>
<tr><td>५५८–२०७८।३।२२</td><td>सामुदायिक भवन निर्माण</td><td>भवन निर्माण</td><td>२७२९५१</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१.२</td><td></td><td></td><td>प्राविधिक बील र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१.३			उपभोक्ता समिति दर्ता — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ३३६ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु ९८९०४०२७ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।	
३१.४	५१७	२०७८-३-२०	नन्फाइलर– मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट अँगाहाखोला निर्माण सेवा (६०९६३५२४५) लाई मू.अ.कर रू.९३०८०.०० समेत रू. ८०९०८०.०० भुक्तानी दिएकोमा २०७७ माघदिख लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू.	९३,०८०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१.५			हेभी इक्विपमेण्टको प्रयोग— सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धीत प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धीत योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धीत प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् ।	

गो। भौ।नं।र मिति	उपभोक्ता समितिको नाम	निर्माण व्यसायी	कूल मूल्यांकन	हेभी उपकरणमा भएको खर्च
६३–२०७७।८।२९	भगवती टोल चण्डीटोल कृषि सडक	घिमिरे कन्स्ट्रक्सन	१०५८७४०	३०३०६६
२०३–२०७७।८।२९	तेल्घा डुम्रे सुनडाँडा सडक	लिसरा, वि।एस कन्ट्रक्सन	११३६७४३।१०	७६८९४०
२११–२०७७।११।२१	चण्डिभञ्ज्याङ खयरतुङ मेटरबाटो	सुदिप सुदिक्षा निर्माण सेवा	२२१८१७(५३	२३००००
२१४–२०७७।११।२१	विष्णु प्रा.वि. देखि तारढाण माटरबाटो	सुदिप सुदिक्षा निर्माण सेवा	२१७१४५.२२	२१००००
५३८–२०७८।३।२१	जेलोङदेखी ढुङ्गादी मोटरबाटो	सिद्धबाबा सप्लायर्स	१६९०५२	१४६४४८
५३१–२०७८।३।२०	सिमलबुटा ढडाहा देउराली सडक	सिद्धबाबा सप्लायर्स	५२०५४२.८१	४३७३१०

३२			**गुणस्तर परीक्षण**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३२.१</td><td></td><td></td><td>७०२–२०७८।३।३० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बील, भरपाई, प्रमाण र कागजात संलग्न गर्नु पर्ने व्यवस्था छ । सरस्वती मा.वि. लाई रू. २०४०००।– र जनता मा.वि.लाई ८४४५०।– समेत गरी रू. २८८४५०।– भुक्तानी भएकोमा खर्चको प्रयोजन र वील भर्पाइ पेश नभएको रू.</td><td>२८८,४५०</td></tr>
<tr><td>३२.२</td><td></td><td></td><td>(क) गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । देहाय अनुसारका योजनाको काममा PCC 1:1.5:3 for RCC कार्य गर्ने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट काम गराएकोमा सो कामको ल्याव टेष्ट रिपोर्ट पेश नभएकोले कामको गुणस्तर सम्बन्धमा एकीन गर्न नसकिएको रू.
<table>
<tr><th>भौ.नं. मिति</th><th>योजनाको नाम</th><th>कूल भुक्तानी रकम</th><th>परिमाण</th><th>दर</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२७–२०७८।७।५</td><td>अमरनारायण ठूलो पोखरी निर्माण</td><td>४०००००</td><td>६.४</td><td>१४३०१.३६</td><td>९१५५८.७१</td></tr>
<tr><td>११०–२०७७।९।१९</td><td>कुसुमडाँडा अधुरो मोटरबाटो</td><td>२१३७२०</td><td>१०.६२</td><td>१४५५६.७८</td><td>१५४५४९.१२</td></tr>
<tr><td>११२–२०७७।९।२२</td><td>भीरपानी सम्मको मोटरबाटो</td><td>३९००००</td><td>३.२५</td><td>१४५५६.७६</td><td>४७३३७.१३</td></tr>
<tr><td>१२९–२०७७।१०।११</td><td>लहरे पिपल स्कुल जाने बाटो</td><td>१४६२५०</td><td>७.२९</td><td>१४५५६.७६</td><td>१०६०८२.३९</td></tr>
<tr><td>१४०–२०७७।१०।१६</td><td>अधेरेखोला आरूखर्क मोवा</td><td>२७२८०००</td><td>२५.७२</td><td>१३११५.१</td><td>३३७३१९.३४</td></tr>
<tr><td>१५९–२०७७।१०।२७</td><td>वुर्तुङ मोटरबाटो निर्माण</td><td>२८००००</td><td>१०.९८</td><td>१४५५६.७६</td><td>१५९८८३.२२</td></tr>
<tr><td>२०४–२०७७।७।५</td><td>न्यानो शितलघर निर्माण</td><td>१०६०६०</td><td>५७.१</td><td>१५०९६.८८</td><td>८६३५९०.६</td></tr>
<tr><td>६८६–२०७८।३।२९</td><td>सामुदायिक भवन निर्माण</td><td>४१०९८३</td><td>९.३८</td><td>१४५५६.७६</td><td>१३६५५९.११</td></tr>
<tr><td>५५०–२०७८।३।२२</td><td>पोखरी निर्माण</td><td>२८२७५०</td><td>१२.०५</td><td>१४५५६.७६</td><td>१७५४२३ .५१</td></tr>
<tr><td>५५२–२०७८।३।२०</td><td>स्वामीको रुख खानेपानी टंकी</td><td>२९८८८४</td><td>९.६५</td><td>१२७०९.७६</td><td>१२२६७४.६</td></tr>
</table>
</td><td>२,०१९,५५४</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

जम्मा		५२५६६४७			२०१९५५४

(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । ती व्यवस्था अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्यमा प्रयोग भएका सिमेन्ट, गिट्टी, ढुंगा, डण्डी, तार जाली र बालुवाको परीक्षण गराउनु पर्नेमा गराएको छैन । कार्यालयले ३३६ उपभोक्ता समिति मार्फत बाटो निर्माण, खानेपानी संरचना निर्माण, भवन निर्माण, कम्पाउण्ड बाल, बाटो ढलान तथा पोखरी निर्माण कार्य गराई रू. ९ करोड ८९ लाख ४ हजार भुक्तानी गरेको छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्रीको गुणस्तर परीक्षण गराइ भुक्तानी दिनु पर्नेमा परीक्षण गरेको छैन । यसले गुणस्तर परीक्षणलाई कार्यालयले प्राथमिकतामा नराखेको स्पष्ट हुन्छ । गुणस्तर परीक्षण वेगर गरेको काम दिगोपना र विश्वसनीय नहुने भएकोले गुणस्तर परीक्षणलाई प्राथमिकतामा राख्नु पर्ने देखिन्छ । यसका केही उदाहरण देहाय बमोजिम छन् ।

भौ.नं. मिति	निर्माण कामको विवरण	खुद भुक्तानी	कामको प्रकृति
१५८–२०७७।१०।२७	सर्वोदय मा.वि.भित्र ग्राउण्ड ढलाइ	५७१८९३	ढलान कार्य
१६०–२०७७।१०।२७	श्रीनगर जाने ढल बाटो	१४१८३५	प्लाष्टर, पीसीसी, आरसीसी
६३६–२०७८।३।२७	न्यानो शितल घर	७८००००	रंगरोगन, पीसीसी, आरसीसी
२७१–२०७७।१२।१७	वडा गौरव योजना चिसापानी	३४२००००	पीसीसी, आरसीसी,

मालसामानको गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्ः

- कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्वन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्वन्धी सर्त पुरा गरे

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।
• देहायका मालसामान खरिद गरी सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण÷परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेको उदाहरण देहाय अनुसार रहेको छः
<table>
<tr><th>गो.भौ. र मिति</th><th>मालसामानको नाम</th><th>भुक्तानी रकम</th><th>बिक्रेता</th></tr>
<tr><td>८३–२०७७।९।६</td><td>फर्निचर खरिद</td><td>१६६०००</td><td>मोनिका फर्निचर उद्योग</td></tr>
<tr><td>१०५–२०७७।९।१७</td><td>फाइल दराज</td><td>१४१६०४</td><td>न्यू मल्ल स्टोर</td></tr>
<tr><td>१३८–२०७७।१०।१५</td><td>स्टील दराज</td><td>३५४३६</td><td>सद्दाम फर्निचर</td></tr>
<tr><td>१३९–२०७७।१ण।१६</td><td>कुर्सी, दराज</td><td>६६८२३</td><td>,,</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२.३</td><td></td><td></td><td>आयकर ऐन, २०५८ को दफा ८९ (३क) अनुसार उपभोक्ता समितिमार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाँभन्दा बढीको रकममा एक दशमलब पाँच प्रतिशतका दरले करकट्टी गर्नु पर्ने व्यवस्था छ । कुल लागत अनुमान रू. ९९९९६१६.३५ भएको बर्तुङ प्रभास वास्टारी डुम्रे सडक उपभोक्ता समितिलाई सम्झौता अनुसार रू. ७९१२८५२.७१ भुक्तानी गर्दा अग्रीम आयकर वापत १.५ प्रतिशतले हुने रु.११८६९२.७९ कट्टा नगरी भुक्तानी गरेको असुल गर्नु पर्ने रु.</td><td>११८,६९३</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>कार्य सम्पन्न नभएको
बर्तुङ प्रभास वास्टारी डुम्रे सडक उपभोक्ता समिति मार्फत गर्ने गरी २०७७।३।१० गते सम्पन्न गर्ने गरी रू. ९९९९६१६.३५ मा सम्झौता भएको छ । सम्झौता अनुसार नगरपालिकाबाट रू. ९४ लाख ५० हजार र बाँकी रकम उपभोक्ता समितिले व्यहोर्ने गरी २०७७ जेठ २७ गते सम्झौता भएको छ । २०७७ भदौ २४ गते १० लाख भन्दा माथिका योजनाहरूको म्याद थप भएकोमा लेखापरीक्षण अविधसम्म पनि कार्य सम्पन्न भएको छैन । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्–</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३.१	५८६	२०७८-३-२५	रितपूर्बकको कर बिजक –मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । वार्ड नं. १४ मा दशै तिहार लक्षित मोटरबाटो सरसफाई कार्यको निर्माणा व्यवसायी शुभम् कन्ष्ट्रक्सन फोटोकपी वीजकको आधारमा मु.अ.कर रु २३०१५।४२ समेत रु. २०००५७ भुक्तानी गरेको छ । तसर्थ उक्त निर्माण व्यवसासयीले रितपूर्वकको कर बिजक वेगर कार्यालयबाट भुक्तानी लिएको मू.अ.कर रू. २३०१५.४२ समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.	२३,०१५.४२
३३.२			सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ९७(६) उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धीत सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ उपभोक्ता समितिले ढुंगा गिटी, बालुवा, मस्टरोल लगायतको बिल, भरपाई पेश गरेको छैन । उपभोक्ता समितलाई ३ वटा रनिङ बीलबाट रू. ७९१२८५२.७१ भुक्तानी गरेकोमा उपभोक्ता समितिले कानून बमोजिम बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात पेश गरेको छैन ।साथै सोही नियमावलीको नियम ९७(११) अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार समेत नगरेको अनियमित देखिएको रू.	७,९१२,८५२.७१
३४	४, ११	२०७७-९-१९	**प्रमाण पेश हुनुपर्ने** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले दमकडा मा.बि.लाई १ करोड १२ कोठे भवन निर्माण गर्न रु १ करोड भुक्तानी दिएकोमा उपभोक्ता समितिले निर्माण कार्यको नापी किताब, ठेक्का बिल, कार्यसम्मपन्न प्रतिवेदन ,लागत अनुमान तथा योजना सम्झौता लगायतका कागजात लेखापरीक्षण क्रममा पेश नभएकोले योजना सँग सम्बन्धित सम्पूर्ण कागजातको प्रमाण पेश हुनुपर्ने रु	१०,०००,०००
३५			**टुडिखेल सुधार कार्य** टुडिखेल सुधार कार्यः- जय नेपाल इश्वर निर्माण सेवा प्रा.लि. लाई टुडिखेल सुधार सम्बन्धि कार्यको लागि 2077 श्रावण 6 गते भएको रु.33800000/- सम्झौता अनुसार यस वर्ष 2 वटा बिलबाट रु.7059914.25 भुक्तानी भएको छ।सम्झौताको BOQ को सि.नं. 4,6,13,14,15,24,30 र 42 मा निम्न परिमाणमा माटो खनेर 5 कि.मि. टाढा फाल्ने गरी दररेट तयार गरेको पाइयो।निर्माण व्यवसायीले सम्झौता गरेको दरमा 5 कि.मि. टाढाँ माटो नफाली टुँडिखेलमा नै थुपारेको तलको चित्रबाट स्पष्ट देख्न सकिन्छ।यसरि 5 कि.मि. टाढै फाल्ने गरी दररेट तयार भएकोमा सो अनुसार काम गर्दै जाँदा उक्त परिमाणको ढुङ्गा र माटो सोही स्थानमा उपयोग हुने भएकोले बढी भुक्तानी हुने गरी लागत अनुमान तयार गरेको नगरपालिकालाई बढि व्यय भार पर्न जाने रु. | | BOQ | | | | |	१,५७४,६७५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
			सि.नं.	को आईटम नम्बर	विषय	परिमाण	दर	रकम	
			1	4	E/W Excavition in all types of soil and rock and disposal the excavated soil in appropriate side up to 5 km leads as per specification and directed by engineer all complete work	840.92 घ.मि.	500	420460	
			2	24	E/W Excavition in all types of soil and rock and disposal the excavated soil in appropriate side up to 5 km leads as per specification and directed by engineer all complete work				
					E/W Excavition in all types of soil and rock and disposal the excavated soil in appropriate side up to 5 km leads as per specification and directed by engineer all complete work	177.66 घ.मि.	500	58830	
			4	42	E/W Excavition in all types of soil and rock and disposal the excavated soil in appropriate side up to 5 km leads as per specification and directed by engineer all complete work	1500 घ.मि.	500	750000	
			5	6	Dismanting of Madonary work including disposal the debrise in appropriate site up to 5km leads as per specification and directed by engineer all complete work.	16.94 घ.मि.	2000	33880	
			6	13	Dismanting of Madonary work including disposal the debrise in appropriate site up to 5km leads as per specification and directed by engineer all complete work.	-	-	100000	
			7	14	Dismanting of Madonary work including disposal the debrise in appropriate site up to 5km leads as per specification and directed by engineer all complete work.	-	-	50000	
			8	15	Dismanting of Madonary work including disposal the debrise in appropriate site up to 5km leads as per specification and directed by engineer all complete work.	-	-	50000	
					जम्मा रकम			1574675	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**ढुङ्गा बिच्छ्याउने कार्य** **ढुङ्गा बिच्छ्याउने कार्यः-** भगवती मन्दिर उत्तर गेट देखि सित्तलपाटी क्षेत्र तेश्रो सडक हुलाक घर हुदै NIC ASIA बैंक सम्म ढूङ्गा विच्छाउने कार्य गर्न सि.एम. सिवालय जे.भी. लाई 2075 चैत्र 1 गते भएको रु.18318455.48 को सम्झौता अनुसार यस वर्ष तेश्रो रनिङ्ग बिल सम्म रु.10677969 भुक्तानी भएको छ।2076/11/20 मा दोश्रो रनिङ्ग बिल भुक्तानी गर्दा निज निर्माण व्यवसायीले 2076।11।30 सम्ममा कार्य सम्पन्न नगरेको हुदा पूर्व निर्धारित क्षतिपूर्ती वापत रु. 294246.12 आगामी बिलबाट कट्टा गर्ने भनी निर्णय गरेको पाइयो।तर तेश्रो रनिङ्ग बिल मिति 2077/7/7 मा भुक्तानी दिदा हाल सम्मकै पूर्व निर्धारित क्षतिपूर्ती कट्टा गर्नुपर्नेमा सो रकम कट्टा गरेको छैन।एक पटक क्षतिपूर्ती लिने निर्णय भै सकेपछि पुनःक्षतिपूर्ती नलिने गरी म्याद थप गर्न समान्यता मिल्ने देखिदैन।अन्तिम पटक 2077 पौष मसान्त सम्म म्याद थप भए पनि सव अवधि पश्चात म्याद थप समेत भएको छैन।सम्झौताको GCC 55.1 अनुसार 2077 जेठ मसान्त पछि निजले कार्य सम्पन्न पेश नगर्दा सम्म हुने दिन हिसाव गरी 2078 असार मसान्त सम्मको सम्झौताको शर्त अनुसार 10 प्रतिशत (सम्झौता रकमको) रु.1831945 निजबाट असुल गर्नुपर्ने रु.	१,८३१,९४५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३७			**निर्णय विपरित ठेक्का तथा गत वर्षको दायित्व** १ **प्रदेश सरकारको निर्णय विपरित ठेक्का आह्वानः-** मिति २०७५।६।२९ मा लुम्बिनि प्रदेश सरकारले प्रदेशभित्र कुनै पनि किसिमको चुँगी कर लिन नपाउने निर्णय गरेको छ। तानसेन नगरपालिकाले मिति 2077/9/2 मा TN/ER/11/077/78 ठेक्काबाट स्वाभिमानी कन्सट्रक्सन प्रा.लि. लाई रु.1500000/- मा होलाङ्दी-बसपार्क-ढुङ्गाखानी सडक र बसपार्क चिलाङ्दी भञ्ज्याङ तथा गैरागाउँ-राइडाँडा सडकमा पूर्वाधार (सडक) उपभोग शुल्कको लागि मिति 077/9/22मा सम्झौता भई कार्यदेश दिएकोमा शुल्क उठाउन सूरु गरेको केहि दिनमै स्थानिय बासिन्दा र प्रशासनबाट यसको विरोध भएकोले उक्त सम्झौता रद्द गरी स्वाभिमानी कन्सट्रक्सनलाई रु.191660/- क्षतिपूर्ती समेत रु 1691660/- फिर्ता गरेको पाइयो।यसरी नगरपालिकाले प्रदेश सरकारको निर्णय विपरित ठेक्का आह्वान गरेको र पछि क्षतिपूर्ति समेत फिर्ता गरेकोले थप आर्थिक व्ययभार बढ्न गएको रु.191660/- २ **गत वर्षको दायित्व भुक्तानीः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १५ मा अघिल्लो आ व को भुक्तानी दिन सकिने खर्चमा तलब (स्वीकृत दरवन्दीको), महंगी भत्ता स्थानीय भत्ता सरुवा भ्रमण खर्च र घर भाडा पोशाक खाद्यान्न औषधि उपचार बन्दीको सिधा सेवा निवृत्त सुविधा स्वीकृत बार्षिक कार्यक्रम समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसँग सम्झौता बमोजिमको रकम भुक्तानी हुन सक्ने व्यवस्था छ ।नगरपालिकाले मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा तथा निशुल्क गर्भपतन कार्यक्रमको लागि 2077 असार 16 देखि असार मसान्तसम्म लुम्बिनि मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटललाई आ.व.2076/77 मा सेवा प्रदान गरे बापतको बक्यौता रु.721000/- आ.व.2077/78 मा भुक्तानी दिएको पाइयो।तर उक्त बक्यौता बाँकीको आन्तरिक लेखापरीक्षणबाट प्रमाणित भएको छैन तथा कोलेनिका बाट 18 नम्बर पनि प्रमाणित नभएकोले अनियमित भएको रु. 721000/-	९१२,६६०
३८			**तलबी प्रतिवेदन** **तलबी प्रतिवेदनः** स्थानिय सरकार सञ्चालन ऐन 2074 बमोजिम स्थानिय तह अन्तर्गतका कर्मचारीहको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षणबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले स्थानिय तह तर्फ स्वास्थ्यको तलबी प्रतिवेदन पारित नगरि तलब रु.22600870/- खर्च लेखेको छ। ऐनमा व्यवस्थ भए बमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।	
३९			**मुख्यमन्त्री रोजगार कार्यक्रम**	
३९.१			**मुख्यमन्त्री रोजगार कार्यक्रम :** मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन कार्याविधि,२०७५ को परिच्छेद ३ मा लक्षित समूहको व्यवस्था गरेको छ।कार्यालयले मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमको लागि संचालन गरेको कार्यक्रममा लक्षित वर्गको छनोटको आधार पेश गरेको छैन । अति विपन्नको स्पष्ट आधार एवम् मापदण्ड नवनाई रु ५९ लाख ३१ हजार खर्च लेखी कार्यक्रम संचालन गरेकाले वास्तविक लाभग्राही समावेश भए नभएको एकिन हुन सकेन । कार्यालयले कार्यक्रमको प्रभावकारीताको अनुगमन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । स्पष्ट आधार एवम् मापदण्ड बनाई खर्च लेख्नु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९.२</td><td></td><td></td><td><u>टुक्रा पारी खरिद:</u>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा रु ५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाख भन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने र खरिद प्रक्रिया टुक्रा पार्न नमिल्ने उल्लेख छ। पालिकाले मुख्यमन्त्री ग्रामिण विकास रोजगार कार्यक्रमबाट शैक्षिक सामग्री र कृषि सामग्री वितरण गर्न देहायका फर्म र सप्लायर्ससँग टुक्रा पारी खरिद गरेको नियमसंगत नदेखिएको रु
<table>
<tr><th>भौ नं र मिति</th><th>खर्च विवरण</th><th>फर्म वा सप्लायर्सको नाम</th><th>रकम</th></tr>
<tr><td>26 03.22</td><td>४ वटा विद्यालयलाइ शैक्षिक सामग्री</td><td>डेल्टा मार्ट</td><td>४०७७०४</td></tr>
<tr><td>27 03.23</td><td>५ वटा विद्यालयलाइ शैक्षिक सामग्री</td><td>डेल्टा मार्ट</td><td>४४९५०३</td></tr>
<tr><td>38 03.27</td><td>प्लाष्टिक पोखरी</td><td>सिद्दार्थ सप्लायर्स</td><td>६४१६७६</td></tr>
<tr><td>41 03.28</td><td>ष्लाष्टिक पोखरी</td><td>इन्द्रलोक सप्लायर्स</td><td>४९९९९९</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९९८८८२</td></tr>
</table>
</td><td>१,९९८,८८२</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>शीर्षक विपरित खर्च
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ के दफा ७३ (७) अनुसार कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बाहिर गई बजेट खर्च गर्न नपाउने ब्यवस्था छ । पालिकाले फोहरमैला ब्यवस्थापन उपकरण ब्रुमर लगायत सवारी साधन खरिद समेतमा रू. १८ लाख बजेट विनियोजन गरेकोमा यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई पूँजीगत शीर्षकबाट ८९ टुक्रा पारी फरक शीर्षकमा रू. १७२८०३८ खर्च गरेको अनियमित देखिएको रू. केही उदाहरण यस प्रकार छन्ः
<table>
<tr><th>भौ. नं.</th><th>मिति</th><th>विवरण</th><th>डेबिट</th></tr>
<tr><td>१०</td><td>०५/२५/२०७७</td><td>खर्चको भुक्तानी सुदिप सुदिक्षा एण्ड सप्लायर्स</td><td>२०,०००</td></tr>
</table>
</td><td>१,७२८,०३८</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			१९	०६/२५/२०७७	सरसफाइ सवारी साधन मर्मत गरेवापत खर्चको भुक्तानी लक्ष्मी मोटर क्यर प्रा लि	१४३२८१	
			२१	०६/२५/२०७७	सिन्के झडु उपलब्ध गराएवापत खर्चको भुक्तानी जय श्री राम स्टोर्स	११५००	
			२५	०७/०३/२०७७	निषेशधाज्ञा १४ दिन र नगर कार्यपालिका शिल बन्दी अवस्थामा ७ दिन विदाको समयमा कार्यालयमा खटिएवापतको पारिश्रमिक	१२६००	
			२६	०७/०५/२०७७	वाड न ७ काजिपौवा कुन्सरे मो बाटो मर्मत गरेवापत २०७७ असोज महिनाको हाजिरि भरपाइ वमोजिमको भुक्तानी	२७४६६	
			२९	०७/०५/२०७७	कोरोना भाइरस तथा वर्षाको समयमा विधुत मर्मत तथा ब्यवस्थापन खर्चको भुक्तानी किशोर कुमार र यम बा कुमाल भुक्तानी	१६१००	
			३७	०७/२७/२०७७	विष्णु माया थापाको पारिश्रमिक	३५९९०	
			३८	०७/२७/२०७७	मासिक २००० का दरले भदौ असोज र कार्तिक महिनाको पारिश्रमिक धनमाया नेपाली	६०००	
			४१	०७/२७/२०७७	नगरपालिकाको फाइलिङ्ग दराजहरुमा पेन्ट लगाउने कार्य गरेवापतको रकम भुक्तानी रमेश मधेशिया	१६०००	
			५४	०८/२२/२०७७	दशै तिहार विदाको समयमा सरसफाइ कर्मचारी तथा अन्य आवस्यक कर्मचारी खटिएवापतको सुविधा	२०४७०३	
			५६	०८/२४/२०७७	१ दिने खानेपानी सरसफाइ तथा स्वच्छता कार्यक्रममा भएको खर्चको भुक्तानी वास संयोजक विष्णू माया थापा	५९३५०	
			६१	०८/२५/२०७७	खर्चको भुक्तानी गणेश कुवर समेत	४५२००	
			९१	०९/०७/२०७७	नपा स्तरीय खानेपानी स्वच्छता योजना तयार गणक सुचना प्रकाशन वापत खर्चको भुक्तानी सामुदायिक रेडियो मदनपोखरा	१५०००	
			१४२	१०/१६/२०७७	नपामा मालिको रुपमा कार्य गरेवापत हाजिरी भरपाइ वमोजिमको पारिश्रमिक ज्ञानधर पुन मगर	१५८४०	
			१४३	१०/१६/२०७७	कार्यालयको प्राङ्गण अगाडिको फुलवारिमा आवस्यक तारवार गर्न जाली पट्टी पाइप ग्रिप स्क्रु वापत खर्चको भुक्तानि रविकर श्रेष्ठ	३०२३७	
			१४४	१०/१६/२०७७	दरवार परिसर भित्र सार्वजनिक शौचालय तथा नपाको शौचालय सरसफाइ गरेवापत खर्चको भुक्तानी धनमाया नेपाली र फटिक राज दर्जी	१००००	
			१५३	१०/२६/२०७७	२०७७।०७८ माघ महिनाको पारिश्रमिक ज्ञानधर पुन मगर	१६५००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			२१३	११/२१/२०७७	नपाआगाडि रहेको ब्यागेजमा तारजाी राखी सिजनल फुल लगायतका फुलहरुको भुक्तानी राजेश कुमार गुप्ता	७५००	
			२१६	११/२३/२०७७	वाड न १४ मा कालीगण्डकी वगर शव दहन बाटोमा बाटो बनाउदाको खर्चको भुक्तानी	१००००	
			२३०	१२/०१/२०७७	फुलवारीमा मालिको कार्य गरेवापत २०७७ फागुन महिनाको पारिश्रमिक ज्ञानधर पुन मगर	१५१८०	
			२३३	१२/०१/२०७७	सुशान्त गौतमको पौष देखी फागुन महिनासम्मको पारिश्रमिक	२६८८०	
			२३५	१२/०१/२०७७	रविकर श्रेष्ठ मार्फत	२०००	
			२४७	१२/०३/२०७७	वाड न ५ सेतिपोखरी र वाड न ३ अप्पु भिलेज मा आगोलागी हुदा नियन्त्तणमा खटिएवापत खाजा खर्चको भुक्तानी रविकर श्रेष्ठ मार्फत	४०००	
			२५६	१२/०९/२०७७	दरबार संग्रहालयमा कार्यरत सहायक कर्मचारी सन्ध्या विश्वकर्माको फागुन महिनासम्मको पारिश्रमिक	१५५००	
			२५७	१२/१०/२०७७	आगोलागी हुदा आगो नियन्त्र गर्न जादाको खाजा खर्च वापत भुक्तानी रविकर श्रेष्ठ	८०००	
			२६५	१२/१३/२०७७	संलगन निवेदन तोक आदेश वमोजिम २०७७।१२।११ गते र १२।१२ गते नपा भित्रका वडाका विभिन्न स्थानमा आगोलागी नियन्त्रण गर्दाको खाजा खर्च वापतको भुक्तानी रविकर श्रेष्ठ	६०००	
			२६६	१२/१३/२०७७	नपा कार्यालयको लागी सरसफाइ सामग्रीहरु उपलब्ध गराएवापत भुक्तानी कविर स्टोर्स	१७५००	
			२७८	१२/१८/२०७७	आगोलागी ब्यवस्थापनमा खटिएका नगर प्रहरी समेतका टोलिलाइ खाजा खर्च वापतको रकम रविकर श्रेष्ठ मार्फत	८०००	
			२८०	१२/१९/२०७७	वातावरण परिक्षण सम्बन्धी सुचना प्रकाशन वापत खर्चको भुक्तानी नव जनचेतना दैनिक	१५०००	
			३०२	१२/२७/२०७७	आगोलागी नियन्नण तथा ब्यवस्थापन कार्यमा खटिएवापत खाजा खर्चको भुक्तानी शंकर रावल मार्फत	२१५००	
			३२६	१२/३१/२०७७	२०७७ चैत्त महिनाको पारिश्रमिक जिवन वि क	१२६००	
			३२७	०१/०२/२०७८	फुलवारी ब्यवस्थापन गरेवापत चैत्त महिनाको पारिश्रमिक ज्ञान बहादुर पुन मगर	१७८२०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			३३५	०१/१०/२०७८	आगोलागी नियन्त्रणमा खटिएवापतको सुविधा मनोज रुचाल	१६००	
			३८५	०२/२५/२०७८	कम्प्याकटर मरमत तथा धुलाइ खर्चको भुक्तानी	९०००	
			३९०	०२/२६/२०७८	विदाको समयमा खटिएवापत पारिश्रमिक चौकिदार मोहन बा काफ्ले	१०८००	
			३९१	०२/२८/२०७८	आगोलागी ब्यवस्थापन गरेवापत खर्चको भुक्तानी रविकर श्रेष्ठ मार्फत	१२०००	
			४०९	०३/०३/२०७८	जे सि वि मर्मत खर्चको भुक्तानी भैरव पाल्पा अटो वर्क्स प्रा लि	१३३००	
			४११	०३/०४/२०७८	श्रीनगर डाडामा खानेपानी ब्यवस्थापन गर्दा भएको खर्चको भुक्तानी	१३३६७८	
			५४८	०३/२२/२०७८	नपाको लागी सरसफाइ सामग्रीहरु उपलब्ध गराएवापत खर्चको भुक्तानी	४२३७०	
			६६०	०३/२८/२०७८	वाड न १४ मा फोहरमैला ब्यवस्थापन कार्यको भुक्तानी	११९१००	
४१			**गैरसरकारी संस्था मार्फत कार्य:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा कार्यालयले तोकिए बमोजिमको अवस्था र खरिद मूल्य बमोजिम खरिद विधि अवलम्बन गर्नुपर्ने उल्लेख छ । सोही ऐनको दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सवलीकरण, मूलप्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रकृया अपनाइ सेवा प्राप्त गर्न सक्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (१) मा एेनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि कामको गुणस्तर जनशक्ती, कार्य संचालन विधि सहितको क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने उल्लेख छ । सोही नियमको उपनियम ८ मा गैरसरकारी संस्थाबाट दश लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको काम गराउनको लागि नियम ७० बमोजिम खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्बन गर्नु पर्ने समेत उल्लेख छ । पालिकाले गैर सरकारी संघ संस्था तथा निजी क्षेत्र बीचको सहकार्यमा गरिवी निवारण दीर्घकालीन परियोजना संचालन गर्ने उद्देश्यले कृषि तथा पशु वस्तुहरुको उत्पादन बृद्धि गरि रोजगारीमूलक उद्यमशील र मर्यादित कृषि व्यावसाय विकास गर्न गैर सरकारी संस्था हेफर प्रोजेक्ट, कोभिड १९ प्रतिकार्य तथा सामाजिक आर्थिक विकासका लागि युवा उधमशिलता विकास परियोजना कार्यक्रम UNDP को साझेदारी संस्था ग्रामिण विकास आर्थिक संघ र स्थानीय उद्यमशीलता प्रवर्दन गर्न पाल्पाली ढाकासंघसँग साझेदारी र समन्वयमा कार्य गरी रु ३ करोड १९ लाख ७७ हजार २ सय ४५ खर्च लेखेकोमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।				

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१.१			**हेफर प्रोजेक्ट नेपाल** • पालिकाले हेफर प्रोजेक्ट नेपालसँग २०७६।०८।३० देखि २०७९।०३।१६ सम्म परियोजना संचालन गर्न रु ४५९६९७५० मध्ये ७५ प्रतिशत रकम रु ३४४७५५०० र उक्त संस्थाले २५ प्रतिशतले हुन आउने रकम रु ११४९४०७० व्यहोर्ने गरी सम्झौता गरेको छ । पालिकासँग साझेदारी गरेको गैरसरकारी संस्थाले आफ्नो नियमित प्रशासनिक खर्च कर्मचारीको तलब भत्ता र कर्मचारी मार्फत क्षमता अभिवृद्दि तालिम सन्चालन गर्ने कुरामा साझेदारी गर्ने गरी सम्झौता गरेको छ । जुन साझेदारी रकम खर्च गर्दा प्रशासनिक प्रकृतिको खर्चलाइ साझेदारी कार्यक्रमको बजेटबाट खर्च गर्न नपाइने नियमको विपरित छ । • पालिकाले सालबसाली वा बहुवर्षिय रुपमा कार्यक्रम संचालन गर्न सक्ने भएता पनि बजेटको सीमा, सो बजेट खर्च गर्दा अपनाउनु पर्ने खरिद सम्बन्धी कार्यविधि उल्लेख गरेको देखिएन । जसबाट लागत अनुमान स्विकृत गर्नुपर्ने व्यक्ति र खरिद सम्झौता कार्यान्वयन गर्दा खरिद कानुनमा भएका कुनै पनि व्यवस्थाहरुको पालना नगरी बहुबर्षीय सम्झौता गरी खर्च लेख्नु प्रचलित आर्थिक कार्यविधि ऐन, २०७६, नियमावली २०७७ र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली ६४ को विपरित छ । • यसरी कुनै निश्चित गैरसरकारी संस्थाको कर्मचारीको तलब भत्तालाइ साझेदारीको हिस्सा बनाइ खरिद विधि विपरितको सम्झौता रद्द हुनुपर्दछ र आ व ७७।७८ मा भएको भुक्तानी भएको रु २ करोड ४५ लाख ५७ हजार ६ सय २१ नियमसंगत नदेखिएको रु	२४,५५७,६२१
४१.२			**ग्रामिण आर्थिक विकास संघ :** • पालिकाले गरिबी निवारणक लागि लघुउद्यम विकास कार्यक्रम संचालन गर्न कामको गुणस्तर जनशक्ती, कार्य संचालन विधि सहितको क्षेत्रगत शर्त तयार नगरी दश लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको काम गराउनको गैरसरकारी संस्था मार्फत कार्य गराउँदा खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्बन गर्नु पर्नेमा सो नगरी ग्रामिण आर्थिक विकास संघसँग लघु उद्यमी सृजना तथा स्तरोन्नतीसँग सम्बन्धित सीप विकास तालिम लगायत कार्यक्रम संचालन गर्न सोझै सम्झौता गरी भुक्तानि दिएको रु ३४६५३२४ नियमसंगत नदेखिएको रु	३,४६५,३२४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१.३			पाल्पाली ढाका संघ : प्रदेश सरकारबाट उद्यमशीलता अभिवृद्धि गर्न ४० लाख बजेट विनियोजन गरिएकोमा पालिकाले गैरसरकारी संस्था मार्फत कार्य गर्न ७ दिने प्रस्ताव आव्हान गरेकोमा • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ (१) बमोजिम सो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको लागत अनुमान तयार गरेको देखिएन । • सोहि नियमालीको ९९ (८) मा १० लाख भन्दा माथिको लागत अनुमान तयार गर्दा नियम ७० बमोजिमको परामर्श सेवा अवलम्बन गर्नुपर्नेमा परामर्श सेवाको खरिद विधि अवलम्बन गरेको देखिएन । यसरी कार्यक्षेत्रगत शर्त र लागत अनुमान तयार नगरी पाल्पाली ढाकासंघसँग कार्य गर्ने गरी सम्झौता गर्नु सार्वजनिक खरिद एेन २०६३ र नियमाली २०६४ मा उल्लेखित प्रावधान पालना नगरी भुक्तानी गरिएको रु ३९ लाख ५४ हजार ३ सय नियम संगत नदेखिएको रु	३,९५४,३००
४२			अनुगमन तथा सम्परीक्षण स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण को लागि रु ४७०९४००० पेश भएको छ।	
४३			अद्यावधिक बेरुजु यस पालिकाको २०७७।७८ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । (रू. हजारमा)	

गत वर्षसम्मको बेरुजू (A)	सम्परीक्षणको लागि पेश भएङ्को रकम	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत वर्षसम्मको बाँकी बेरुजू (C=A-B)
३४१५५१०००	४७०९४०००	-	-

गत वर्षसम्मको बाँकी बेरुजू(A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	संपरीक्षणबाट कायम बेरुजू(D)	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)
३४१५५१	-	-	-	-